लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
२ नं. प्रदेश, नेपाल

## बोयर्स जातको बोका खरिद सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशन मिति २०७४/१२/२९

यस नगरपालिकाको लागि कम्तिमा ५०% बोयर्स भएको १७ वटा बोका खरिद गर्नु पर्ने भएकोले देहायको शर्तहरूको अधिनमा रही ईच्छुक फर्म, समूह वा कृषकले सम्पर्क नम्बर र नाम सहितको प्रस्ताव दरभाउपत्र यस कार्यालयमा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरू :**

१. उपलब्ध गराईने बोका कम्तिमा ५०% बोयर्स भएको भनी सम्बन्धित फर्म वा समूहको घोषणा तथा सो अनुसारको रहेको भनी सम्बन्धित विज्ञबाट प्रमाणित भएको हुनु पर्ने ।

२. उल्लिखित प्रत्येक बोका २० के.जि. देखी ४० के.जि.सम्म भएको रंगिन फोटो र अपेक्षित मूल्य वा दर (प्रति के.जि.) खुलाउनु पर्नेछ ।

३. उल्लिखित बोका स्वस्थ भएको भनी सम्बन्धित विषयका पशु चिकित्सकले प्रमाणित गरेको तथा वीमा भएको अवधि खुलेको हुनु पर्नेछ ।

४. उक्त अनुसार उपलब्ध गराउन सकिने बोयर्स बोकाको संख्या, अपेक्षित कूल रकम र सो रकमको २.५% धरौटी यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक स्थित धरौटी खाता नं. १२८०३०३००७१०२ मा जम्मा गरेको सक्कल भौचर प्रति समावेश गरेको हुनु पर्नेछ ।

५. उक्त अनुसारको प्रस्तावका सम्बन्धमा छुट्टा छुट्टैबाट उपयुक्त बोका खरिद वा एकमुष्ट खरिद सम्बन्धी दरभाउपत्र स्विकृत गर्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस कार्यालयको हुनेछ ।

६. दरभाउपत्र स्विकृत पश्चात आपूर्तिकर्ताबाट बोयर्स बोका यस कार्यालयलाई उपलब्ध गराउन पत्राचार गरिनेछ ।

७. पत्र प्राप्त भए पश्चात ७(सात) दिन भित्र कार्यालयलाई बोका उपलब्ध गराउनु पर्नेछ । यदी सो म्याद भित्र उपलब्ध गराउन नसकेमा सम्बन्धितको धरौटी सदर स्याहा गरी कार्वाही गरिनेछ । सो पश्चातको दोस्रो दरभाउपत्रको प्रस्ताव स्विकृत गर्न सकिनेछ । यस सम्बन्धमा सोही प्रकृया अनुशरण गरिनेछ । बोका खरिद सम्बन्धी कार्य सम्पन्न हुनासाथ धरौटीको रकम सम्बन्धितलाई फिर्ता गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत